# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेश विज्ञप्ती
(संशोधित)

## ASBA प्रणालीमा सहभागी हुने सम्बन्धी

हालै स्वीकृत Applications Supported by Blocked Amount (ASBA) प्रणाली आगामी माघदेखि लागू गर्ने क्रममा सोमा सहभागी हुन योग्य बैंक वा वित्तीय संस्थालाई अनुमतिको लागि निवेदन दिन सार्वजनिक सूचना गरेकोमा ASBA प्रणालीमा सहभागी हुन बोर्डमा निवेदन प्राप्त देहाय अनुसारका थप १६ वटा बैंक तथा वित्तीय संस्थाहरुलाई अनुमति प्रदान गरिए सँगै अव अनुमति प्राप्त गर्ने बैंक तथा वित्तीय संस्थाको संख्या २७ पुगेको छ । यस मध्ये वाणिज्य बैंक १८ वटा र ९ वटा विकास बैंक रहेका छन् । साथै उक्त प्रणालीमा समावेश हुन थप केही बैंक तथा वित्तीय संस्थाहरुको निवेदन प्राप्त भएको र अन्य निवेदन आउने क्रममा रहेको जानकारी गराउँदै बोर्डमा प्राप्त हुने निवेदनहरुको अध्ययन गरी योग्यता पुगेका बैंक तथा वित्तीय संस्थाहरुलाई निरन्तर रुपमा अनुमति प्रदान गर्दै जाने व्यहोरा अवगत गराउँदछौं ।

हाल उक्त प्रणालीमा सहभागी भई सेवा प्रदान गर्न बोर्डबाट अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाको नामावली निम्न रहेको छ ।

**'क' वर्गका वाणिज्य बैंक र सेवा दिने शाखाहरु**

| | | |
|---|---|---|
| १ | सेन्चुरी कमर्सियल बैंक लि. | ३१ शाखा |
| २ | सनराइज बैंक लि. | ६७ शाखा |
| ३ | सिटिजन्स् इन्टरनेशनल बैंक लि. | ५८ शाखा |
| ४ | लक्ष्मी बैंक लि. | ५९ शाखा |
| ५ | सानिमा बैंक लि. | ४१ शाखा |
| ६ | सिद्धार्थ बैंक लि. | ६३ शाखा |
| ७ | एनआईसी एसिया बैंक लि. | ८० शाखा |
| ८ | नेपाल बगंलादेश बैंक लि. | ३६ शाखा |
| ९ | कुमारी बैंक लि. | ३६ शाखा |
| १० | नेपाल इनभेष्टमेण्ट बैंक लि. | ४६ शाखा |
| ११ | नेपाल बैंक लि. | १२६ शाखा |
| १२ | एनएमबि बैंक लि. | ७१ शाखा |
| १३ | मेगा बैंक नेपाल लि. | ४० शाखा |
| १४ | ग्लोवल आईएमई बैंक लि. | ९१ शाखा |
| १५ | बैंक अफ काठमाण्डू लुम्बिनी लि. | ७४ शाखा |
| १६ | प्राइम कमर्सियल बैंक लि. | ३१ शाखा |
| १७ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. | ९६ शाखा |
| १८ | सिभिल बैंक लि. | ५१ शाखा |

**'ख' वर्गका विकास बैंक र सेवा दिने शाखाहरु**

| | | |
|---|---|---|
| १ | कैलाश विकास बैंक लि. | ३७ शाखा |
| २ | एस डेभलपमेण्ट बैंक लि. | १३ शाखा |
| ३ | देव: विकास बैंक लि. | ३६ शाखा |
| ४ | ओम डेभलपमेण्ट बैंक लि. | २९ शाखा |
| ५ | टुरिजम् डेभलपमेन्ट बैंक लि | १५ शाखा |
| ६ | यती डेभलपमेण्ट बैंक लि. | २५ शाखा |
| ७ | सिद्धार्थ डेभलपमेण्ट बैंक लि. | ३३ शाखा |
| ८ | महालक्ष्मी विकास बैंक लि. | ४० शाखा |
| ९ | ज्योती विकास बैंक लि. | २९ शाखा |

उल्लेखित संस्थाहरुले ASBA प्रणालीमा सहभागी हुन अनुमति प्राप्त गरेवाट सो प्रणालीलाई कार्यान्वयनमा ल्याउने वोर्डको योजनामा सहजता हुने तथा सार्वजनिक निष्काशनमा आवेदन दिने सम्बन्धी विद्यमान झण्झटिलो प्रक्रियामा सुधार भई लगानीकर्तामैत्री हुने वोर्डको अपेक्षा रहेको छ ।

यो व्यवस्थालाई प्रारम्भिक चरणमा अनिवार्य नगरि हाललाई ऐच्छिक रुपमा सार्वजनिक निष्काशनमा शुरुवात गर्न लागेको व्यहोरा जानकारी गराउँदै यस प्रणालीको सफल कार्यान्वयन सँगै 'ग' वर्गका वित्तीय संस्थाहरुलाई समेत समावेश गराई अगाडि बढाउँदै यस प्रणालीलाई क्रमश: अनिवार्य गरिने बोर्डको योजना रहेको छ ।

मिति: २०७३।०९।२६

(निरज गिरी)
प्रवक्ता


*Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np*